## सूचना २

श्री ५ को सरकारको मिति २०४५।१।२७ को निर्णयानुसार यस मन्त्रालयका उपसचिव श्री नानीकाजी बिष्टलाई यसै मन्त्रालयको अतिरिक्त समूहको नेपाल प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी (उपसचिव स्तर) को पदमा सरुवा गरिएको छ।

आज्ञाले,
श्यामकुमार प्रधान
सह-सचिव

श्री ५ को सरकार

## वाणिज्य मन्त्रालयको सूचना

खण्ड ३७ अतिरिक्ताङ्क १५ (आ) मिति २०४४।३।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको पैठारी इजाजतपत्र दस्तूरसम्बन्धी सूचनाको नं. ७ को सट्टा देहायबमोजिमको नं. ७ राखी संशोधन गरिएको छ ।

७. माथि उल्लिखित नं. १ व्यक्तिगत पैठारीको हकमा मिति २०४४।४।१२ देखि र अन्य पैठारीको हकमा मिति २०४४।३।२६ देखि, नं. २ को (१) (ख) र (ग) मिति २०४४।६।२१ देखि, नं. ३ मिति २०४४।४।१२ देखि र अन्य नं. हरू मिति २०४४।७।२ देखि लागू हुनेछन् ।

आज्ञाले,
अरुणचन्द्र प्रधान
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारको मिति २०४४।८।२१ को निर्णयानुसार नेपाल इञ्जिनीयरिङ सेवा, सिभिल समूह, ट्रान्सपोर्टेशन उपसमूह, रा.प.तृ. श्रेणी (प्रा.) को अ.इ. पदमा एक वर्षको परीक्षणकालमा रहने गरी देहायका व्यक्तिहरूलाई नियुक्ति गरी हवाई विभागमा पदस्थापन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।